## वनगाड कुपिण्डे नगरपालिका न्यायिक समितिको बार्षिक प्रतिवेदन
## आर्थिक बर्ष २०७९।८०
## पेश गर्नेः पुरुषोत्तम आचार्य, उप प्रमुख तथा न्यायिक समिति संयोजक

**सभा अध्यक्ष ज्यू**

सभा अध्यक्ष ज्यूको अनुमतिले म स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ५३ को उपदफा २ बमोजिम यस वनगाड कुपिण्डे नगरपालिकाको न्यायिक समितले आर्थिक बर्ष २०७९।८० मा गरेका कामहरुको समेटिएको बार्षिक प्रतिवेदन यस सभामा पेश गर्दछु ।

**सभा अध्यक्ष ज्यू**

नेपालको संविधान २०७२ को धारा २१७ मा आफ्नो अधिकार क्षेत्र भित्रका विवाद निरुपण गर्न प्रत्येक स्थानिय तहमा एक न्यायिक समिति रहेन व्यवस्था गरेको छ । यसै गरी नेपालको संविधानको अनुसूचि ८ मा स्थानिय अदालत, मेलमिलाप तथा मध्यस्थताको व्यवस्थापनलाई स्थानिय तहको हरुको अधिकार क्षेत्रभित्र राखिएको छ ।नेपालको संविधान को धारा २१७ र स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ४६ मा रहेको व्यवस्था बमोजिम वनगाड कुपिण्डे नगरपालिकामा यस नगरपालिकाका उप प्रमुखको संयोजकत्वमा तीन सदस्यिय न्यायिक समितिको गठन गरिएको छ । यस न्यायिक समितिले स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ४७ को उपदफा १ बमोजिमका १३ वटा बिषय सम्बन्धि विवादहरुको न्यायिक निरुपण तथा सोही दफा को उपदफा २ बमोजिमका ११ वटा बिषयका विवादहरुमा मेलमिलापको माध्यमबाट विवादको निरुपण गर्ने गरेको छ । सोहि अनुरुप न्यायिक समितिमा दर्ता हुन आएका विवादहरुमा पारदर्शि तथा जवाफदेही ढंगबाट प्रयास छलफल तथा कानुनी आधारमा रही विवाद निरुपण गर्न न्यायिक समिति क्रियाशिल हुदै आएको छ। विवाद समाधान गर्ने क्रममा सकेसम्म मेलमिलापमा जोड दिने तथा मेलमिलाप हुन नसकेको खण्डमा मात्रै आवश्यक फैसला गर्ने गरिएको छ । साथै न्यायिक समितले हालसम्म गरेको सबै निर्णयहरु सर्वसम्मत ढंगबाट भएका छन्।

**सभाअध्यक्ष ज्यू**

अब म आ. व. २०७९।८० मा यस वनगाड कुपिण्डे नगरपालिकाको न्यायिक समितिमा दर्ता भएका उजुरीहरु तथा त्यस उपर भएका कारबाहीबारे संक्षिप्त व्यहोरा जानकारी गराउन चाहन्छु। आ. व. २०७९।८० मा यस वनगाड कुपिण्डे नगरपालिकाको न्यायिक समितिमा स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ४७ को उपदफा १ बमोजिमका बिषयहरुमा कुल ७ वटा उजुरी दर्ता भएकोमा ६ वटा उजुरी माथि छलफल गरी मिलापत्र गरिएको छ भने १ वटा उजुरी माथि कुनै निर्णय हुन नसकी यस आ. व. मा लागत सारिएको छ । त्यस्तै स्थानिय सरकार संचालन ऐन २०७४ को दफा

४७ को उपदफा २ बमोजिमका बिषयहरुमा कुल १५ वटा उजुरी दर्ता भएकोमा ९ वटा उजुरी माथि छलफल गरी मिलापत्र गरिएको छ भने ३ वटा उजुरी फिर्ता भएका छन् १ वटा उजुरीलाई अदालतमा जान अनुमती दिइएको छ भने २ वटा उजुरी माथि कुनै निर्णय हुन नसकी यस आ.व. मा लागत सारिएको छ ।

यस्तै मुद्दाको प्रकृतिलाई वर्गीकरण गरी त्यस उपर भएका निर्णयहरुको व्यहोरा निम्न अनुसार रहेको छ ।

| क स | मुद्दाको प्रकृती | जम्मा दर्ता मुद्दा | छलफल भई मिलापत्र भएका | उजुरी फिर्ता भएका | अदालत जान अनुमती दिएका | यस आवमा लागत सारिएका | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | गाली वेइज्जती | २ | २ | ० | ० | ० | |
| २ | जग्गाको विवाद | ८ | ३ | ३ | १ | १ | |
| ३ | विद्यालयको विवाद | २ | २ | ० | ० | ० | |
| ४ | लेनदेन | २ | २ | ० | ० | ० | |
| ५ | ज्यालामजदुरी नदिएको | २ | १ | ० | ० | १ | |
| ६ | खानेपानीको मुहान सम्बन्धी विवाद | २ | २ | ० | ० | ० | |
| ७ | घरेलु हिंसा | १ | १ | ० | ० | ० | |
| ८ | पत्ती पत्नी विचको विवाद | ३ | २ | ० | ० | १ | |
| जम्मा | | २२ | १५ | ३ | १ | ३ | |

यसरी मुद्दाको प्रकृति विश्लेषण गर्दा सबैभन्दा बढी जग्गाको विवादसंग सम्बन्धित मुद्दाहरु बढी देखिएका छन् भने अन्य प्रकृताका मुद्दाहरुको संख्या भने उस्ता उस्तै रहेको छ ।

**समस्याहरु**

यस नगरपालिकाको न्यायिक समितिबाट तोकिएबमोजिमका आफ्नो कार्य सम्पादनका क्रममा विभिन्न समस्या तथा बाधा देखिएका छन् । ती समस्या तथा अफ्ठ्यारहरु निम्नानुसार रहेका छन् ।

१. व्यवास्थित ईजलास नहुदा न्याय सम्पादनमा कठिनाई हुनु ।

२. म्याद तामेलीका लागि तामेलदार नहुदा विवादित पक्षहरुलाई जानकारी गराई समयमै छलफल गर्न नसकिनु ।

३. मेलमिलाप केन्द्रहरुको स्थापना हुन नसक्दा सबै विवादहरु सोझै न्यायिक समितिमा आउनु ।

४. समयमै छलफल तथा फैसला हुन नसक्दा पुराना विवादहरुको संख्या धेरै हुनु ।

**सुधार र क्षमता विकासका लागि आगामि दिनहरुमा गर्नुपर्ने कार्यहरु**

उल्लेखित समस्याहरुको समाधन गरी न्यायिक समितिबाट हुने कार्यहरुको प्रभावकारीता अभिबृद्धि गरी न्यायिक समितिको क्षमता अभिबृद्धि सहित न्यायिक कार्यहरु छिटो, छरितो, पारदर्शी तथा प्रभावकारी बनाउन तपशिलका कार्यहरु गर्नुपर्ने देखिन्छ ।

१. प्रत्येक वडाहरुमा दक्ष मेलमिलापकर्ता सहितको मेलमिलाप केन्द्रको स्थापना गर्नुपर्ने ।

२. इजलास व्यवस्थित गर्नुपर्ने ।

३. म्याद तामेलीकालागि तामेलदारको व्यवस्थापन गर्नुपर्ने ।

४. विवादहरु समयमै समाधान गर्न आवश्यक प्रशासनिक तथा व्यवस्थापकिय प्रबन्ध गर्नुपर्ने ।

५. न्यायिक समितका पदाधिकारीहरुलाई क्षमता विकासका कार्यक्रम संचालन गर्नुपर्ने ।

६. जिल्ला न्याधिस ज्यूबाट हुने न्यायिक समितिको निरिक्षणका क्रममा दिएका सुझावहरुको कार्यान्वयन गर्नुपर्ने ।

धन्यवाद।